

# क्रान्तिकारी योद्धाः
# वीर बहादुर लामा



*देवकृष्ण पुडासैनी*

जीवनभर दुःख, पीडा, अन्याय, उत्पीडन सहेर देश, जनता र क्रान्तिको पक्षमा दृढता पूर्वक लागिरहने योद्धा हुनुहुन्छ- वीर बहादुर लामा । उहाँ क्रान्तिकारी विचारको पक्षमा लागेदेखि सत्य र न्यायको पक्षमा डटेर लाग्नु भयो । आफ्नो परिवारको सुखसयलमा समय खर्चिनुभन्दा देश र जनताको माया र सेवामा जीवनको अन्तिम समयसम्म लाग्नु भयो ।

## परिवार र शिक्षा

कपलिने गाँउ, हालको इन्द्र सरोवर गाँउपालिका, मकवानपुर जिल्लामा वीर बहादुर लामाको जन्म भएको हो । आमा मानकुमारी लामा र बुबा मान बहादुर लामाको पहिलो सन्तान हुनुहुन्थ्यो, वीर बहादुर । प्राकृतिक सम्पदाले भरिएको रमणीय ठाउँ, काफल प्रशस्त फल्ने गाँउ भएकोले गाँउको नाउँ नै कपलिने भएको हो । वीर बहादुरपछि भाई गंगा सागर लामा, बहिनी पद्मा लामा र तारा लामा जन्मेका हुन ।

वीर बहादुर सानै उमेरदेखि प्रकृति प्रेमी, अन्यायको विरोधी, विद्रोही स्वभावको हुनुहुन्थ्यो । बाल्यकालको प्रारम्भिक शिक्षा गाँउमा लिनुभयो । माध्यामिक तहको शिक्षा गाउँमा नभएकोले शिक्षा आर्जन गर्न काठमाडौं तर्फ जानुभयो । गरिबीको मारमा पिल्सिएको पारिवारिक अवस्था थियो । आर्थिक अभावका कारण मजदुरी गर्दै स्कूल लिभिङ सर्टिफिकेट (एसएलसी)सम्मको शिक्षा दरबार हाई स्कूलबाट प्राप्त गर्नुभयो ।

उहाँ २०२२ सालमा सुनकेशरी थिङ्सँग विवाह बन्धनमा बाँधिनु भयो। उहाँहरूबाट २ जना छोरा बुद्ध लामा र कंसाङ लामा तथा ३ जना छोरी याङ्टी लामा, श्रमिक लामा, सुभद्रा लामाको जन्म भयो।

## राजद्रोहको आरोपमा पक्राउ

विद्रोही स्वभावका वीर बहादुर लामा तत्कालीन पंचायती ब्यवस्थाविरुद्ध लाग्नुभयो। उहाँले पंचायतले बढी कर असुलेकोमा विरोध गर्नुभयो। गाँउमा विद्रोह भयो। गाँउघरमा विद्रोह गरेको भनि उहाँविरुद्ध थुनाको निमित्त वारेन्ट जारी भयो। आफूविरुद्ध देशको प्रशासन लागेपछि उहाँले गाँउ छोडी चितवनको सलोहीमा लुकिछिपी मजदुरी गर्दै समय बिताउनु थाल्नुभयो।

२०३० सालबाट उहाँले कोरियन लाइब्रेरी किलागल, काठमाडौंमा जागिर खानुभयो। यही क्रममा कम्युनिष्ट पार्टीको सम्पर्कमा आउनु भयो। केही समय सोही पुस्तकालयमा बस्नु भयो। पुस्तकालय संचालक प्रेम बहादुर कंसाकार, प्रो. माणिकला श्रेष्ठ आदि हुनुहुन्थ्यो। उहाँहरू वामपंथी भएकोले वीर बहादुरको दिनचर्या सजिलो भएको थियो। पुस्तकालयबाट उत्तर कोरियाका धेरै प्रगतिशील पुस्तकहरू पनि वितरण गरिन्थ्यो।

पुस्तकालयमा पार्टीको बैठक संचालन गरिएको खबर खुलासा भएपछि आफूलाई असुरक्षित महसुस गर्दै उहाँ दुई बहिनी पद्मा लामा र तारा लामा बस्नुभएको जैसीदेवलको कोठामा सर्नु भयो। त्यहाँ, गणेश वल, प्रेम वल, साईंला वल पनि बस्नु हुन्थ्यो।

आगोबाट निस्केर भुंग्रोमा भने झैं, जुन घरमा बहिनीहरूको कोठा थियो त्यो घर एक जना (क्राइम इन्वेस्टिभेटिम डिपार्टमेन्टका कर्मचार ी)सिआईडिको रहेछ। मानिसको चहलपहलले गर्दा सिआईडिले आफ्नै घरमा पंचायतविरोधी कम्युनिष्टको बैठक हुने थाहा पाए। त्यसपछि वीर बहादुरको खोजी हुन थाल्यो। २०३२ सालमा झोंछेबाट उहाँ पक्राउ

पर्नुभयो । बहिनीहरूले दाजु घरमा नआएपछि खोज्न थाले । पद्मा लामाले दाजु पंचायतविरोधी राजद्रोहको आरोपमा समातिएको कुरा पनि थाहा पाउनुभयो ।

बहिनीहरूले दाजुलाई प्रहरीले कहाँ लग्यो होला भनेर ब्यापक खोजी गरे । जनसेवा प्रहरी, हनुमानढोका र अंचलाधीस कार्यालयसम्म खोज्न गए । अंचलाधीस कार्यालयबाट भ्यानमा राखेर हनुमानढोका ल्याउन लाग्दा दाजुबहिनीको ढोकामा भेट भयो र सामान्य कुरा गर्न मात्र पाउनु भयो ।

वीर बहादुर पक्राउ पर्नुभएपछि घरमा तनाव र दुःख बढ्न थाल्यो । आर्थिक अभावले घरपरिवारमा चर्को पीडा थपिदियो । उहाँलाई सूर्य रुम्बाको सहयोगमा जेलमा खाना पठाइयो तर खाना खान दिएनन् । बहिनी पद्मा बेलुका ९ बजेसम्म चौकीको ढोकामा बसी, खाना फिर्ता लिएर रुँदै कोठामा आउनुभयो । भोलिपल्ट बिहान खाना लिएर जानु भयो । दाजु वीर बहादुरले थोरै खाना खाएर, भाँडा फिर्ता गर्नु भयो । भाँडा फिर्ता गर्नुअघि प्रहरीले नदेख्ने गरी भातको डल्लाभित्र चिट्ठी राखेर भ्यालबाट, ' भातको डल्लामा चिठ्ठी छ, पढ्नू' भनी संकेत दिनुभयो । चिट्ठीमा 'जुन बेला जे पनि हुनसक्छ । किताब, दस्तावेज, पर्चा सुरक्षित ठाँउमा राख्नू' भन्नु भएको रहेछ ।

महत्वपूर्ण दस्तावेज ४ बोराजति विष्णुमतिको नर्कट घारीमा पद्मा बहिनीले लुकाउन लगिन् । कोठामैं राख्दा समस्या नपर्ने कागजपत्र मात्र कोठामै राख्नुभयो । पछि त्यो बेच्दै बीर बहादुरलाई खाना किनेर लग्नुहुन्थ्यो ।

वीर बहादुरलाई २०३२ फागुनदेखि २०३३ जेठसम्म हनुमान ढोकामा राखेर भद्रगोल जेल, डिल्लीबजार चलान गरियो भने श्रावण महिनामा केन्द्रीय कारागार, त्रिपुरेश्वर चलान गऱ्यो । कारागारमा उहाँलाई चरम अमानवीय यातना दिइयो । उहाँ पत्रपत्रिका माग गर्नु हुन्थ्यो तर पैसा थिएन । साथीहरू सूर्य रुम्बा, झिल्के रुम्बा, अमृत लामाले उहाँलाई धेरै

सहयोग गर्नुहुन्थ्यो । कारागारमैं तिहार मनाउन दिइयो तर खर्च नभएको कारण फूल, रोटी, जेनतेन किनेर तिहार मनाउनु भयो । सूर्य रुम्बालाई केरकार मात्र गरियो भने झिल्के रुम्बालाई नौ महिना जेल हालियो ।

## सुरुङ खन्ने र निस्कने योजना

२०३३ साल मंसिर महिनामा वीर बहादुरलाई नख्खु जेल चलान गरियो । भेट्न जानेहरूलाई सुरक्षाकर्मीले नराम्रो व्यवहार गर्ने, ढोकैबाट 'भेट्न पाउदैनस्' भनेर रुखो बोली बोलेर फर्काइ दिने गर्दथे । त्यसपछि, वीर बहादुरको परिवारसँग पनि भेटघाट कम हुन थाल्यो । नख्खु जेलमा झापा विद्रोह लगायतका धेरै क्रान्तिकारीहरू पक्रिएर राखिएको थियो । पक्राउ परेका धेरैलाई 'राजद्रोह' मुद्दा चलाएका थिए । उहाँलगायत पक्राउ परेका क्रान्तिकारीहरूको नियमित छलफलबाट सुरुङ खनेर निस्किने योजना बन्यो । उहाँहरू सुरुङ खनेरबाहिर आइसकेपछि धेरै कुरा थाहा भयो । वीर बहादुरले सुरुङ खन्ने काममा धेरै दुःख गर्नुभएको थियो ।

२०३३ साल चैत्र १२ गते राति सुरुङ खनेर वीर बहादुरसहित १५ जना कमरेडहरू बाहिर निस्किन सफल हुनुभयो । जसमा सि.पि.मैनाली (झापा), प्रदिप नेपाल (भोजपुर), धनेन्द्र वस्नेत (झापा), गोपाल शाक्य (काठमाडौं), नरेश खरेल (झापा), वीर बहादुर लामा (मकवानपुर), माधव पौडेल (ललितपुर), नारद वाग्ले (झापा), हर्द खड्का (झापा), जीवन मगर (झापा), धर्म प्रसाद घिमिरे (झापा), भिष्म धिमाल (झापा), अशोक न्यौपाने (नलपरासी), कामेश्वर हलुवाइ र राजन राजवंशी हुनुहुन्थ्यो ।

सुरुङ खनेर राजवन्दीहरूलाई बाहिर ल्याउने काम असाध्यै गाह्रो थियो । त्यसको आँट र योजना पार्टीको सहयोगमा जेल कमिटीले गर्‍यो । यो कामका लागि तत्कालीन पार्टी कोअर्डिनेशन कमिटीको महत्वपूर्ण सहयोग थियो । साधनहरू जुटाउने र बाहिरको परिस्थितिको जानकारी गराउने काम अनेकौं उपायद्वारा पार्टीले गर्दथ्यो । त्यतिखेर जेलमैं गोप्य पार्टी कमिटी थियो, यसको नेता सि.पी. मैनाली हुनुहुन्थ्यो । पार्टीको तर्फबाट

अमृत वोहरा अर्थात श्यामले पत्राचार गर्नुहुन्थ्यो । यो प्रकृया नियमित थियो ।

'जेल ब्रेक'सम्बन्धि योजना प्रशासनले थाहा नपाऊन् भनेर सांकेतिक भाषाहरू चयन भएका थिए । त्यो भाषा जेल कमिटीका सि.पी. मैनाली र अमृत वोहरालाई मात्र थाहा थियो । 'जेल ब्रेक'लाई जे.वी. अर्थात जय बहादुर भनिन्थ्यो । पत्राचार गर्दा 'जय बहादुर काकाको हाल खबर के छ ? कहिले छुट्नुहुन्छ ?' आदि भनिन्थ्यो । दक्षिणकालीकैं जंगलको बाटो सबैभन्दा सुरक्षित हुने कुरा उहाँलाई बताइएको थियो ।

वीर बहादुर लामा फाखेलकै भएकोले त्यहाँका वनपाखा, भिर-पहरा, ओडार-गुफा, गौंडा-गल्छेडा सबै उहाँलाई थाहा थियो । त्यसैले जेल तोड्ने राजवन्दीहरूलाई शत्रुबाट सुरक्षित हुन सजिलो भयो । राम्रो भौगोलिक जानकारी नहुँदा पक्रन र दमन गर्न गएका सेना प्रहरीले सफलता पाएनन् । महिनौंसम्म धराप थाप्नेदेखि ठूलाठूला घेराउ दमन भए तर केही पाउन सकेनन् । राजवन्दीहरू सुरक्षित गर्न स्थानीय किसानहरूको योगदान उल्लेख्य रह्यो । त्यसबेलादेखि अहिलेसम्म पार्टीका महत्वपूर्ण कार्यहरूमा चखेल, फाखेल र कुलेखानी क्षेत्रका साथीहरूको योगदान अविस्मरणीय रहेको पार्टीले बिर्सेको छैन । ठूलीमाया वल(पार्टी-आमा), ठूलीमाया स्याङताङ (आमा सेल्टर), मान बहादुर लामा, धन बहादुर वल, झलक बहादुर वल, चन्द्र बहादुर ठोकर, प्रकाश बहादुर वललगायत धेरै सार्थीहरूको पार्टी निर्माणमा भूमिका छ । उहाँहरूमध्ये कोही कोही अहिले हामीवीच हुनुहुन्न ।

भूमिगत खालदेखि नै फाखेल क्षेत्र पार्टीको राम्रो पकड क्षेत्र हो । त्यहाँ पहिला धेरै आवत-जावत गर्ने पार्टी नेताहरूमा अमृत वोहरा पर्नु हुन्छ । कहिले काहिं अशोक राई पनि जाने गर्नुहुन्थ्यो । त्यसैले, त्यहाँका किसानहरू आजसम्म पनि अमृत वोहरालाई सम्झिरहन्छन् ।

## परिवारलाई यातना र धरपकड

२०३३ चैत्र १९ गते वीर बहादुर भागेर फाखेलको कालथुँकी पुग्नु भयो । दाजु-बुबाको बारेमा सल्लाह गर्न कान्छी बहिनी कान्छा बुबा सानुकान्छा लामाको घर पख्डीमा जाँदै गर्दा बाटोबाट काकाको घरमा प्रहरी कुकुर लिएर गएको थाहा पाइन् । बहिनीले त्यहाँ मानिसको रुवाबासी सुनिन् र डराउँदै घर फर्किएर बुवा आमालाई स्थिति बताईन् ।

यता, २०३३ चैत्र १४ गते प्रहरी घरमैं आएर आमाबुबालाई 'तेरो छोरा देखा' भनि चरम यातना दिए । आमालाई १४-१५ दिनसम्म हिंड्न नसक्ने गरी यातना दिए । बुबा मान बहादुर लामालाई संगिन तेर्स्याएर बेस्सरी पिटे । बुवालाई ९ दिनसम्म हनुमान ढोकामा राखी चरम यातना दिए । साथमा, काका सानुकान्छा लामालाई पनि ९ दिन थुनेर यातना दिए । बहिनी तारा लामालाई पनि पिटियो। यो क्रममा गाउँका सिधासाधा किसानलाई प्रहरी प्रशासनले धेरै यातना दिए ।

त्यस समयमा बहिनी पद्मा लामालाई पनि  वारेन्ट जारी गरिएको थियो । यस्तो अवस्थामा उहाँ काठमाडौंबाट लुकिछिपी घर गई लुक्दै बसी घरमा सहयोग गर्नुभयो ।

## प्रहरीसँगको मुठभेड र आमासँगको भेट

वीर बहादुरले महालक्ष्मी खोला (पुख्दी)माथि जेंसिड ओडारमा लुकिछिपि बसी अन्य साथीहरूलाई बचाएर राख्नुभयो । केहि समय पछि कामेश्वर हलुवाइ र राजन राजवंशीलाई सर्लाहीसम्म पुऱ्याउन हिंड्नु भयो । तर, बीच बाटोमा प्रहरी आक्रमण भयो। त्यस आक्रमणबाट कामेश्वर र राजनको हत्या भयो । तर वीर बहादुर बाँच्न सफल हुनु भयो । फर्केर आई घर नजिकैको जंगल, लोसे वनमा लुकेर बस्नुभयो । केही दिनपछि आमा सोतर सोर्न आउँदा, तल खोल्चामा जनावर हिँडेकोजस्तो आवाज आयो । यसो हेर्दा मानिस देख्नु भयो । दुवै जनाको बीचमा हेराहेर भयो । वीर ब.

लामाले 'आमा, डराउनु पर्दैन । म छोरो हुँ' भन्नु भयो । केही समय आमा छोरा वार्तालाप गरी रुन लागे । यसै समयमा वीरले आमालाई सम्झाउँदै भन्नुभयो, 'देश, जनताको भलाईको लागि हिँडेको छु, पीर नगर्नुहोस् । खाना ल्याइदिनु होला । ओडार बनाउन गल, कोदालो ल्याइदिनु होला ।'

## लोसे जंगलको बास

भोलिपल्टदेखि मकै, खोले, गुन्द्रु बनाएर लग्न लाग्दा छोरी तारा लामाले सोधिन- 'यो खानेकुरा, औजार किन ?' आमाले, 'वनमा ढीलो हुन्छ, त्यसैले' भन्नुभयो । सधैं यो प्रक्रिया चलेपछि आमाले छोरीलाई 'गोप्य राख्नू' भन्दै वास्तविक कुरा बताउनुभयो । खाना लग्दा शत्रुले तलासी लिई हाले पनि सजिलै शंका नगरून् या भेट्न नसकून भनेर थुन्चेमा मल वा पतकर पनि हालेर लैजानुहुन्थ्यो ।

चैत्र महिनाको अन्तिमतिर सुरक्षाकर्मीले 'तेरो छोरा देखा' भन्दै बुबा, आमा, बहिनीलाई पिट्दै, सँगिनले घोच्दै अमानवीय यातना दिए । उहाँहरूले चर्को यातना भोग्नु भयो तर केहि कुरा पनि खुलाउनु भएन । 'थाहा छैन' भनेर दृढता पूर्वक प्रतिवाद गर्नुभयो ।

लोसे जंगलमा वीर बहादुरसँग सि.पि. मैनाली, माधव पौडेल पनि हुनुहुन्थ्यो । केही समयपछि घरमै आएर खाना खाने गर्न थाल्नु भयो । यस समयमा आमा, बुबाले खाना खुवाउने बहिनीहरूले बाहिर बसी प्रहरी आए नआएको पहरा दिनुहुन्थ्यो । केही समयपछि श्याम कमरेडले उहाँलाई काठमाडौं सम्पर्क जोड्ने सांकेतिक पत्र पठाउनुभयो । त्यसपछि उहाँहरूमध्ये सि.पी. मैनाली काठमाडौंतिर सुरक्षित हुनुभयो ।

## सुराकीको घेराबन्दी

विभिन्न किसिमका गाँउले सुराकीद्वारा वीर बहादुर घरमा आएको थाहा भएपछि प्रहरीहरू बारम्बार घरमा घेरा हाल्न आउन थाले । प्रहरी आएको

टाढै देखियो भने भाग्नुहुन्थ्यो तर नजिक आउँदा भाग्न नभ्याउने हुँदा घरभित्र अगेनो नजिक खाल्डो खनेर खाल्टोमा चकटीले छोपी, दाउरा राख्ने गरी त्यसभित्र लुक्ने ब्यवस्था मिलाइएको थियो ।

## भूमिगत अवस्थामा श्रीमती सुत्केरी

भूमिगत अवस्थामा श्रीमती सुत्केरी सबभन्दा ठूलो समस्या बन्यो । सुरक्षाकर्मीले आमा बुबालाई 'तेरी बुहारी कसरी सुत्केरी भै, विना छोरा ? अरुको पेट भए किन घरमा राखिस् ?' भनी बुबाआमा, बहिनीहरूलाई बारम्बार यातना दिन थाले । आमाले कहिले भान्जीको बच्चा, कहिले गाउँघरका सुत्केरी महिला देखाएर उनीहरूको बच्चा भन्नुहुन्थ्यो । यो कुरा लुकाउन उहाँहरूलाई धेरै गाह्रो भएको थियो ।

प्रहरीको गतिविधि बढ्दै गयो । घरका परिवारलाई धरपकड-यातनाको सिमाना नै रहेन । प्रहरीको ज्यादती बढेपछि बच्न गाह्रो हुने भयो । त्यसपछि उहाँले त्यस ठाँउवाट पार्टी कार्यभार लिई सर्लाही, सिन्धुली, चितवन जिल्लामा पार्टीको विभिन्न तहमा बसी पार्टीको काम सम्हाल्नु भयो ।

वीर बहादुर लामाको घर पार्टीको ऐतिहासिक घर पनि हो । त्यस घरमा भूमिगत कालका पार्टी केन्द्रीय कमिटीको महत्वपूर्ण बैठक समेत भएको थियो । २०३७ सालतिर नेकपा(माले)मा क्रान्तिको प्रमुख शत्रुबारे गम्भीर बहस चल्दैथ्यो । पार्टीको भाषामा त्यसलाई प्रधान अन्तरविरोधको निर्क्योल गर्ने भनिन्थ्यो ।

मुख्य अन्तरविरोधको छिनोफानो गर्ने बैठक केहीलामो हुन सक्दथ्यो । त्यतिखेर वागमती, नारायणी अञ्चललाई मध्य उत्तर क्षेत्र भन्ने गरिन्थ्यो । त्यसको प्रमुख अमृत वोहरा र सदस्यहरूमा वीर बहादुर लामा, सीता खड्का, माधव पौडेल, विष्णु चित्रकार र विष्णु बहादुर राउत हुनुहुन्थ्यो । यो कमिटी को.के.कालदेखि माले कालसम्म रह्यो ।

क्षेत्रीय कमिटीकै बन्दोबस्तीमा लामाकै घरमा बैठक बस्यो । बैठक झण्डै एक हप्ता चलेको थियो । परिवारका सम्पूर्ण सदस्यहरू र गाउँका साथीरूले बैठक सफल पार्न ठूलो सहयोग गर्नुभएको थियो ।

शत्रुको गतिविधि बुझ्न काठमाडौंको दक्षिणकाली, कुलेखानी, टिस्टुङ-पालुङदेखि चित्लाङसम्म पार्टीका निगरानी टोलीहरू खटाइएका थिए । केही खतराको सूचना पाए 'एक व्यक्ति एक सम्पर्क'को माध्यमबाट बैठकस्थल वीर बहादुरको घरमा आइपुग्दथ्यो । केही परे नेतृत्व सुरक्षाको उपाय र विकल्पहरु बनाइएका थिए । अहिले पनि त्यहाँका साथीहरू पहिलाका ती योगदानलाई गर्व र गौरवको रुपमा लिने गर्दछन् ।

बैठकमा टाढा टाढाबाट आउनु भएका कमरेडहरूलाई खुवाउन गाउँका सचेत किसानहरूले मकै, भटमास, मुलाको साग ल्याउँथे । खानामा मकैको ढिंडो, सिस्नु साग र तामाङ संस्कृतिका 'परिकार' हुन्थे । कतिपयलाई त्यस्ता परिकारहरू खान-पचाउन गाह्रो हुन्थ्यो ।

## वीर बहादुर खुल्ला राजनीतिमा

२०४६ चैत्र २६ गते जनआन्दोलनको सफलतापछि बहुदलीय व्यवस्था लागू भयो र उहाँ खुल्ला राजनीतिमा आउनुभयो । उहाँको राजनैतिक कार्यको मूल्याङ्कन गरी २०४९ सालमा मकवानपुरको जिल्ला विकास समिति सभापतिमा नेकपा एमालेको तर्फबाट उम्मेदवार बनाइयो र विजयी पनि हुनु भएकोथियो । उहाँ पार्टीको जिल्ला सदस्य, केन्द्रीय सदस्य पनि बन्नुभयो । २०५६ सालको आम निर्वाचनमा मकवानपुर जिल्लावाट प्रतिनिधि सभा सदस्य बन्नुभयो । नेकपा एमालेको नेता भई पार्टीको विभिन्न मोर्चाको नेतृत्व गरी सफल इमान्दार नेताको रूपमा स्थापित हुनुभयो ।

वीर बहादुर लामाका पार्टीसँग केही सोच र शैलीमा असन्तुष्टिहरू पनि थिए । यसले गर्दा उहाँ केही समय भौंतारिनु पनि भयो । तर

घर परिवारका सदस्यहरूको नेकपा(एमाले)प्रतिको दृढ आस्था, वरपरका साथीहरूको सहयोगबाट उहाँ अन्ततः पार्टीमा नै एकाकार रहनुभयो। उहाँ एकजना विद्रोही स्वभावको इमान्दार, क्रान्तिकारी भएकोले आफ्ना निकट विगतबारे केही गल्ती पनि महशुस भयो।

रोगले ज्यादै च्यापेपछि उहाँलाई अब धेरै बाँच्दिन जस्तो लाग्यो। उहाँले पार्टीमा खबर पठाउनुभयो, धेरै पुराना नेताहरूको नामै लिएर सम्झनुभयो। उहाँले पार्टीसामु आफ्नो इच्छा व्यक्त गरेर खबर पठाउँदै भन्नुभयो, 'नेकपा(एमाले) मेरो पार्टी हो, यसमा मेरो पनि धेरै पसिना बगेको छ। हँसिया हथौडाको झण्डा मेरो आस्था हो। यदि म रहिंन भने मलाई पार्टीको झण्डा ओढाएर विदा गरियोस्, यो मेरो अन्तिम इच्छा हो।' वास्तवमा त्यही भयो।

भूमिगत कालको यातनाका कारण शारीरिक रुपमा उहाँ पूर्णतः कहिल्यै स्वस्थ हुनु भएन। अन्ततः उहाँ २०७७ साल कार्तिक २३ गते राती ३:३० बजे आफ्नो भौतिक शरीर बिसाई सदाका लागि विदा हुनुभयो। पार्टीका धेरै नेता तथा कार्यकर्ताको उपस्थितिमा प्रसिद्ध वौद्धधाम स्वयम्भूको एउटा गुम्वामा भावपूर्ण श्रद्धाञ्जलीसाथ उहाँको अन्तिम विदाई गरियो।

---

*(लेखक : मकवापुर जिल्ला इन्द्रसरोवर गाँउपालिका कमिटीका अध्यक्ष हुनुहन्छ।)*